

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १९० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन ७ गते सोमबार ❑ 22 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## प्रधानमन्त्री ओलीलाई दुई तिहाइ विश्वासको मत

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभाको आइतबारको बैठकमा प्रस्तुत गर्नुभएको विश्वासको मतसम्बन्धी प्रस्तावलाई बहुमतले पारित गरेको छ।

प्रधानमन्त्री ओलीद्वारा नेपालको संविधान २०७२ को धारा ७६ को उपधारा (४) बमोजिम प्रतिनिधिसभाबाट विश्वास प्राप्त गर्न प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १५५ बमोजिम राख्नुभएको प्रस्तावलाई बहुमतले पारित गरेको हो । बैठकमा भएको मतदानको परिणाम घोषणा गर्दै सभामुख देवराज घिमिरेले सभामा तत्काल कायम रहेको सङ्ख्याको बहुमतले सो प्रस्ताव स्वीकृत भएको जानकारी गराउनुभयो ।मतदानमा कुल दुई सय ६३ सदस्यले भाग लिएकामा प्रधानमन्त्रीले



राख्नुभएको विश्वासको मतको प्रस्तावका पक्षमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले)लगायतका राजनीतिक दल सम्बद्ध सांसदको गरी कूल एक सय ८८ मत परेको थियो भने विपक्षमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) पार्टीलगायतका दलका गरी ७४ मत परेको छ । मतदानमा एक सदस्य तटस्थ रहनुभएको थियो । गत असार २८ गते एमालेका अध्यक्ष ओली प्रधानमन्त्रीमा नियुक्त हुनु भएको थियो । गत असार १७ गते कांग्रेस र एमालेबीच सात बुँदे सहमति भएको थियो।

सो अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान संशोधनीय दस्तावेज रहेको र जनताको आवश्यकतालाई मध्यनजर गर्दै परिमार्जन गर्न सकिने बताउनुभएको छ । प्रतिनिधिसभाको आइतबारको बैठकमा उहाँले विश्वासको मत प्राप्त गर्न राख्नु भएको प्रस्तावको छलफलका क्रममा उठेका प्रश्नको जवाफ दिनुहुँदै प्रधानमन्त्री ओलीले आवश्यकता र औचित्य पुष्टि हुनेगरी सकभर सर्वसम्मतिबाट संविधान संशोधन हुने बताउनुभएको हो । "संविधान संशोधनीय, गतिशील र जीवन्त दस्ताबेज हो । यो आवश्यकता र जनताको मागअनुसार संशोधन हुन्छ । संशोधन रहरको विषय होइन । आवश्यकताको विषय हो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "कुनै आग्रह पुर्वाग्रह राखेर संविधान संशोधन यस्तो-उस्तो गर्ने भन्दैनौ । देशको आवश्यकता, विकासका माग सम्बोधनका लागि जे गर्दा उपयुक्त त्यहि गर्नुपर्छ ।"

संसदमा रहेका सबै दलको सहमतिको साथ नै संविधान

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गण्डकी प्रदेशमा ८४.२६ प्रतिशत धान रोपाई

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

गण्डकी प्रदेशमा हालसम्म करिब ८४.२६ प्रतिशत मात्र धान रोपाई भएको छ । साउन महिनाको आइतबारसम्म यस बर्ष गण्डकी प्रदेशमा ८४.२६ प्रतिशतले ८० हजार ९ सय ३२ हेक्टर क्षेत्रफलमा धान रोपाई सम्पन्न भएको गण्डकी प्रदेशको कृषि बिकास निर्देशनालयका कृषि प्रसार अधिकृत एवं सूचना अधिकारी विनोद शर्माले बताउनु भयो।

गण्डकी प्रदेशमा ९६ हजार ५३ हेक्टरमा धान रोपाई गर्न योग्य जमिन रहेको उहाँले जनाउनु भयो। गण्डकी प्रदेशका ११ जिल्ला मध्य हिमालपारीका दुई जिल्ला मनाङ र मुस्ताङमा धान खेति खासै हुने गरेको छैन् । प्रदेशका ९ जिल्ला मध्य हालसम्म सबै भन्दा धेरै बागलुङ र कास्कीमा ९५ प्रतिशत र सबै भन्दा कम म्याग्दीमा ६९.३६ प्रतिशत मात्र धान रोपाई भएको छ । गोर्खामा ५५ हजार ६ सय ९६ हेक्टर क्षेत्रफलमा धान रोपाई हुदै आएको छ भने हालसम्म ५४.७३ प्रतिशत धान रोपाई भएको उहाँले जनाउनु भयो । लमजुङमा हालसम्म ७९.०० प्रतिशत, तनहुँमा ९२.०० प्रतिशत कास्कीमा ९५.०० प्रतिशत, पर्वतमा ८०.०० प्रतिशत, स्याङजामा ८५.०० प्रतिशत, म्याग्दीमा ६९.३६ प्रतिशत, बागलुङमा ९५.०१ प्रतिशत र नवलपरासीमा ९२.०० प्रतिशत धान रोपाई भएको सूचना अधिकारी शर्माले जनाउनु भयो । ६१ हजार ८ सय १९ हेक्टर क्षेत्रफलमा धान रोपाई हुने अनुमान गरिएको लमजुङमा हालसम्म ७९.०० प्रतिशतले तनहुँमा ९२.०० प्रतिशत कास्कीमा ९५.०० प्रतिशत, पर्वतमा ८०.०० प्रतिशत, स्याङजामा ८५.०० प्रतिशत, म्याग्दीमा ६९.३६ प्रतिशत, बागलुङमा ९५.०१ प्रतिशत र नवलपरासीमा ९२.०० प्रतिशत धान रोपाई भएको सूचना अधिकारी शर्माले जनाउनु भयो । लमजुङमा ९ हजार ३ सय ८१ हेक्टर क्षेत्रफलमा हालसम्म धान रोपाई भएको छ भने तनहुँमा ७ हजार ६० हेक्टर क्षेत्रफलमा धान रोपाई भएको छ। त्यसै गरी कास्कीमा १५ हजार ४ सय ९ हेक्टर क्षेत्रफलमा धान रोपाई भएको कृषि अधिकृत रन्जना पोखरेलले बताउनु भयो। त्यसै गरी पर्वतमा हालसम्म ६ हजार २० हेक्टर क्षेत्रफलमा धान खेति भएको छ भने स्याङजामा १२ हजार २ सय ३२ हेक्टर क्षेत्रफलमा, म्याग्दीमा २ हजार ६ सय ४० हेक्टर क्षेत्रफलमा, बागलुङमा ५ हजार ४ सय २२ हेक्टर क्षेत्रफलमा र नवलपरासीमा १७ हजार २ सय १८ हेक्टर क्षेत्रफलमा हाल धान रोपाई भएको कृषि विकास निर्देशनालयले जनाएको छ।

कास्कीमा प्रायः गरी जेठोबुढो, पहेले, एक्ले, खुमल ४, १०, गौरिया, बयर्नी, सेतो र लामो भिनुवा, मार्सी, बिरिमफुल, कालो र टुंडे भिनुवा, वर्णशंकर-यू एस ३१२ लगायतका जातका धान खेति हुदै आएको छ।

## बिपी चिन्तन वर्तमानमा पनि उत्तिकै सान्दर्भिक

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

४२औं बिपी स्मृति दिवसका अवसरमा बिपी स्मृति पुस्तकालय, गण्डकी प्रदेशद्वारा आइतबार पोखरामा आयोजित कार्यक्रममा बिपी विचार वर्तमानमा पनि उत्तिकै सान्दर्भिक रहेकामा जोड दिइएको छ।

'नेपाल, बिपी कोइराला, वर्तमान राजनीति र पठन संस्कृति' विषयक गोष्ठीमा वक्ताहरूले युगजयी विचारका माध्यमबाट बिपी कोइरालाले पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको बताउनुभयो । कार्यक्रममा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तत्कालीन समयमा बिपीले अघि सार्नुभएका विचार अहिले पनि उत्तिकै सान्दर्भिक भएको बताउनुभयो । त्यही विचार र दूरदृष्टिका कारण स्व कोइरालाको छवि राष्ट्रिय एवं




अन्तर्राष्ट्रिय रूपमा उचो उहाँको भनाइ थियो।

मुख्यमन्त्री पाण्डेले राजनीतिक अस्थिरताका कारण मुलुकलाई गन्तव्यमा पुऱ्याउन असहज हुने गरेको बताउनुहुँदै समृद्धि र विकासका लागि राजनीतिक स्थिरता पहिलो सर्त भएको उल्लेख गर्नुभयो।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य शारदा पौडेलले बिपी कोइराला बहुआयामिक व्यक्तित्व भएको चर्चा गर्नुभयो। नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले बिपीका समयमा भारत, चीन जस्ता देशहरूले नेपाललाई हेर्ने दृष्टिकोण उच्चस्तरको भएको उल्लेख गर्नुहुँदै त्यसलाई कायम राख्न नसकिएको जिकिर गर्नुभयो । उहाँले प्रजातन्त्रको विकल्प प्रजातन्त्र नै भएकाले बिपीले सारेको आदर्श तथा सिद्धान्तबाट विचलित हुनु नहुनेमा जोड दिनुभयो।

वरिष्ठ अधिवक्ता तिलक पराजुलीले स्व कोइराला कांग्रेसका मात्र नभइ सबैको गुरू भएको धारणा राख्नुभयो। उहाँले पछिल्लो समय पठन संस्कृति हराउँदै जान थालेकाले बिपीबाट पठन संस्कृति सिक्नुपर्नेमा जोड दिनुभयो।


बिपी स्मृति पुस्तकालय, गण्डकी प्रदेशका अध्यक्ष माधवप्रसाद बाँस्तोला (मधु) को सभापतित्वमा सम्पन्न कार्यक्रममा पूर्वमन्त्री यज्ञबहादुर थापा, नेपाली कांग्रेस गण्डकी प्रदेशका सहमहामन्त्री कोपिला रानाभाट, दीपेन्द्र पराजुली, प्रा डा कुसुमाकर पराजुली, शिव त्रिपाठीलगायतले बिपी कोइरालाको योगदान, विद्यमान पठन संस्कृतिलगायत विषयमा चर्चा गर्नुभएको थियो।

## पोखरामा गाडीको ठक्करले २६ वर्षीय एक युवाको मृत्यु

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

पोखरामा हाईलक्स गाडीको ठक्करले २६ बर्षीय एक युवाको मृत्यु भएको छ।

पोखरा महानगरपालिका वडा नम्बर ८ का २६ बर्षीय ईश्वर परियार हाईलक्स गाडीको ठक्करले उपचारकै क्रममा शनिबार बेलुका मृत्यु भएको कास्की प्रहरीले जनाएको छ । शनिबार बेलुका ५:४० बजेको समयमा पोखरा ६ हल्लन चोक स्थित ग ३ च ३४५७ नं. को हाईलक्स गाडी र ग ११ प ९१ नं को मोटरसाइकल एक आपसमा ठक्कर खाँदा मोटरसाइकल चालक परियारको उपचारकै क्रममा गण्डकी मेडिकल कलेज पोखरामा ६:४३ बजे उपचारको क्रममा चिकित्सकले मृत घोषणा गर्नु भएको थियो । वडा प्रहरी कार्यालय बैदाम कास्कीबाट प्रहरी टोलीले दुबै सवारी साधन र हाईलक्स चालक बर्दिया ठाकुर बाबा नगरपालिका ८ स्थायी घर भई हाल पोखरा १७ ड्यामसाईड बस्ने ३० वर्ष का सुशिल दहितलाई नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी बशन्त कुमार शर्माले बताउनु भयो।



## कास्कीमा दुई लाख पशुमा पूर्ण खोप लगाइयो

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

विभिन्न रोगका कारणबाट पशुजन्य उत्पादनको गिरावटलाई न्यूनीकरण गर्ने उद्देश्यले जिल्लामा सुरु गरिएको पशुमा पूर्ण खोप कार्यक्रममा गत वर्ष दुई लाख बढी पशुलाई खोप लगाइएको छ।

खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि जिल्लामा पाँचवटै पालिकाका ७२ वडाका ३५ हजार सात सय छ घरधुरीमा एकै साथ पशुमा खोप लगाउने कार्यक्रम सञ्चालन गरिएको थियो । भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका अनुसार जिल्लामा गत आर्थिक वर्ष २०८०/८१ मा गाई, भैंसी, बाख्रा, बङ्गुर, कुकुर र भेडामा गरी दुई लाख एक हजार एक सय ७२ मात्रा खोप दिइएको हो।

पूर्ण खोप कार्यक्रममा गाई, भैंसी र बङ्गुरमा खोरेतविरुद्धको ७१ हजार २५ मात्रा खोप दिइएको थियो । यसैगरी, एक हजार छ सय गाई, भैंसीमा एचएसविक्यू खोप लगाइएको थियो। यसैगरी, ७९ हजार सात सय ७५ बाख्रा र आठ हजार चार सय २५ भेडामा पिपिआर खोप दिइएको थियो।

कार्यालयका अनुसार १० हजार ८८ कुकुरलाई रेबिज र छ हजार सात सय ३४ बङ्गुरलाई स्वाइनफिभरको खोप दिइएको थियो। गाई १६ हजार पाँच सय ५४ र भैंसी छ हजार नौ सय ७१ गरी २३ हजार पाँच सय २५ लाई लम्पिस्किनविरुद्धको खोप दिइएको कार्यालयले जनाएको छ । गण्डकी प्रदेश सरकारले पशुमा सङ्क्रामक रोग उन्मूलन गरी गुणस्तरीय पशुजन्य उत्पादन सुनिश्चित गर्ने उद्देश्यले विसं २०७८ देखि पशुमा खोप कार्यक्रम सुरु गरेको हो। स्थानीय तहका पशु शाखासँगको सहकार्यमा पशुमा पूर्ण खोप कार्यक्रम सञ्चालन गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका प्रमुख एवं वरिष्ठ पशु विकास अधिकृत शम्भुराज पाण्डेले जानकारी दिनुभयो। उहाँका अनुसार विज्ञ केन्द्रका प्राविधिक कर्मचारीले पालिकाका पशु सेवा शाखाका कर्मचारीको सहयोग लिएर सुरुआतमा कृषकका पशु फार्म तथा गोठमा पुगेर गाई, भैंसी, बाख्रा तथा भेडाको तथ्याङ्क सङ्कलन र त्यसपछि खोप लगाएका हुन् । "पशुमा पूर्ण खोप कार्यक्रम किसानले प्रत्यक्ष लाभ लिने कार्यक्रम हो, यो कार्यक्रम सिधै किसानकामा पुग्दछ र शत्प्रतिशत कार्यान्वयन समेत भएको छ", कार्यालय प्रमुख पाण्डेले भन्नुभयो, "महामारीजन्य रोगबाट बचाउन र कृषकले पशुपक्षीमा गरेको लगानीको सुरक्षा र सम्भावित क्षतिलाई रोक्न पशुहरूमा खोप लगाउनु आवश्यक छ।"

का.जि.द.नं. ५६/०५६ हु.नि.पो.द.नं. ०१/०७९/०८०


# रेवान पोखराद्धारा आयोजित पाँच दिने एडभान्स वेकरी तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन




रेष्टुरेण्ट एण्ड बार एशोसियशन पोखराको आयोजनामा संचालित पाँच दिने एडभान्स वेकरी तालिम सम्पन्न भएको छ।

पम नेदरल्याण्डको समन्वय एवम् नेपाल टुरिज्म एण्ड होटल म्यानेजमेन्ट कलेज छिनेडाँडाको सहकार्यमा रेवानमा आवद्ध रेष्टुरेण्टहरुमा कार्यरत कुकहरुलाई उक्त तालिम प्रदान गरिएको हो ।समापन समारोहमा कलेजका अध्यक्ष एवम अग्रज पर्यटन व्यवसायी अशोक पालिखेले पर्यटकीय राजधानी पोखरामा आउने पर्यटकलाई गुणस्तरीय स्वाद र आतिथ्यताका लागि दक्ष जनशक्ति उत्पादनमा जोड दिनुपर्ने बताए । उनले जति धेरै तालिम दिन सकियो उत्तिनै दक्ष जनशक्ति उत्पादन हुने र त्यसको फाइदा पोखराको पर्यटनले लिन सक्ने बताए । उनले पाँच दशक अगाडि पाउरोटीको स्वाद आफुले लिएको स्मरण गर्दै अहिले अन्तराष्ट्रिय स्तरका वेकरीलाई सहजै उत्पादन गरेर पाहुना माझ पुर्‍याउन अवसरहरु मिलेको बबताउँदै तालिमको महत्वमा जोड दिए । तालिममा सहभागी तारा श्रेष्ठ आफ्नो अनुभव राख्दैतालिमले आफुहरुको क्षमतामा निखारसँगै गुणस्तरीय वेकरी आइटम बनाउने नयाँ तरिका बारे जानकारी लिन सफल भएको बताए । तालिमले आउने दिनमा व्यवसायिकरूपमा अघि बढ्न थप सहयोग पुग्ने उनको भनाइ थियो । अर्का सहभागी सृजना अधिकारीले तालिमका व्यावहारिक पक्ष र प्राविधिक ज्ञानले आफूलाई बेकरी उत्पादनमा आत्मविश्वास बढाएको धारणा राखिन् । नेदरल्याण्डका वेकरी प्रशिक्षक सोड जलेमाले नेपाल आएर आफ्नो ज्ञान बाड्न पाएकोमा खुशी व्यक्त गरे। उनले बेकरी तालिमका सहभागीको सक्रियताले आफुलाई सिकाउन आनन्द लागेको बताउँदै यस प्रकारको तालिमले स्थानीय व्यवसायलाई मात्र नभइ समग्र पर्यटन क्षेत्रले नै लाभ लिन सक्ने बताए। तालिमका संयोजक वसन्त गौतमले लेकसाइडका रेष्टुरेण्डको सेवालाई गुणस्तरीय बनाउन हाइजनिक र स्वादिलो बेकरी उत्पादनको आवश्यकतालाइ ध्यान दिदै तालिम प्रदान गरिएको जानकारी दिए । उनले तालिमको उद्देश्य अन्तर्राष्ट्रिय स्तरको ज्ञान र प्रविधि प्रदान गरेर गुणस्तरीय व्यवसायमा जोड दिनुका साथैदक्ष जनशक्ति उत्पादन गर्ने रहेको बताए। नेपाल पत्रकार महासंघ कास्कीका उपाध्यक्ष जमुना वर्षा शर्माले सिकेको ज्ञानलाई व्यवहारमा उतार्दै व्यवसायिकतामा जोड दिनुपर्ने बताइन । उनले हरेक क्षेत्रमा दक्ष जनशक्ति खाँचो औल्याउँदै बेकरीसम्बन्धि एडभान्स तालिमले स्थानीय व्यवसायको प्रोत्साहन र रोजगारीको सिर्जना हुने विश्वास व्यक्त गरिन् । समापन समारोहका सभाध्यक्ष एवम रेवानका नि. अध्यक्ष लक्ष्मण बराललले रेवानले गुणस्तरीय वेकरी उत्पादनका लागि निरन्तर दक्ष जनशक्ति जोड दिएर विभिन्न तालिमहरु प्रदान गर्दै आएको बताए। उनले अहिले पनि लेकसाइडका रेष्टुरेण्टहरुमा गुणस्तरीय वेकरी उत्पादनका लागि दक्ष जनशक्तिको अभाव भइरहेको जनाउँदै यस तालिमले त्यो आवश्यकता पूर्ति गर्न थोरै भएपनि सहयोग पुग्ने विश्वास व्यक्त गरे । रेवानका महासचिव विकास भटराईले पोखराको पर्यटन प्रवर्द्धनमा रेवान लामो समयदेखि सक्रिय रहेको जनाउँदै यस्ता तालिम निरन्तर गर्ने बताए। उनका अनुसार तालिममा १९ जनाका सहभागिता रहेको छ।

# निषेधित अबधिमा नदीजन्य पदार्थ उत्खनन् र ओसार पसार गर्ने सबारी साधनलाई कारबाही

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

नदिजन्य तथा खानीजन्य पदार्थको उत्खनन्, संकलन र बिक्री सम्बन्धी प्रक्रियाको अनुगमन गर्न गठित जिल्ला अनुगमन समिति कास्कीले निषेधित अबधिमा खोला तथा नदीमा गएर नदीजन्य पदार्थ उत्खनन् र ओसार पसार गर्ने सबारी साधनलाइ कारबाहीको लागि सिफारिस गरेको छ।

समितिको शुक्रबार बसेको बैठकले ढुंगा गिटी,बालुवा उत्खनन्, बिक्री तथा ब्यबस्थापन सम्बन्धि संसोधन सहितको मापदण्ड २०७७ को दफा ३ (ख ) बमोजिम प्रचलित ब्यबस्था अनुसार अबैध र गैर कानुनि रुपले उत्खनन् र ओसार पसार गर्ने बिभिन्न ११ वटा टिपर र १ ट्र्याक्टरलाइ कारबाही गर्न पोखरा महानगरपालिका नगर कार्यपालिकालाई लेखि पठाउने निर्णय भएको सो समितिका संयोजक तथा जिल्ला समन्वय समिति कास्कीका प्रमुख लिलाधर पौडेलले बताउनुभयो । मापदण्ड अनुसार बर्षातको समय असार, साउन र भदौ महिनामा नदि तथा खानीजन्य सामाग्रीको उत्खनन् र ओसार पसार गर्न नपाइने ब्यबस्था रहेको छ। उक्त सबारी साधनहरू जिल्ला प्रहरी कार्यालय कास्की र वडा प्रहरी कार्यालयको संयुक्त टोलीले मिति २०८१ असार १५ गते नदिजन्य पदार्थ लोड गर्ने क्रममा पोखरा महानगरपालिका वडा न १९ दसखेत घाटबाट पक्राउ गरेर थप अनुसान्धान सहित कारबाहीको लागि जिल्ला अनुगमन समितिमा पेश गरेको थियो।

जिल्ला अनुगमन समितिको शुक्रबारको बैठकमा उत्खनन् र संकलनको लागि स्वीकृत, बिधि , प्रक्रिया र परिणाम सम्बन्धि ब्यबस्थाको पूर्ण पालना हुन नसकेको हुदा बिस्तृत अनुसन्धान सहित जिम्मेबार पक्षलाई कारबाही गर्न पोखरा महानगर नगर कार्यपालिकालाई भनिएको छ ।असार मसान्त अगाबै तोकिएको परिमाण बराबरको सामाग्री उत्खनन् गरी सो क्षेत्र बाट बाहिरिनुपर्ने सम्झौतामा उल्लेख गरिए पनि सो को पालना नगरी स्टक नै नभएको अबस्थामा स्टक छ भनि ब्लु ब्रिक्स कन्स्ट्रक्सन प्रा.लि.लाइ असार ९ गते कार्यादेश दिने कर्मचारीलाई समेत बिस्तृत छानबिन सहित प्रचलित एन कानुन बमोजिम कारबाहि गरेर सो को जानकारी पेश गर्न पोखरा महानगर कार्यपालिकालाइ भनिएको छ । साथै नियन्त्रणमा लिइएका सबारी साधनहरूलाइ प्रचलित कानुन र नगर सभाबाट स्वीकृत कानुन र नियम बमोजिम कारवाही गरेर सोको जानकारी पठाउन भनिएको जिल्ला संयोजक लिलाधर पौडेलले बताउनुभयो ।

साथै ढुंगा,गिटी,बालुवा उत्खनन्, बिक्री तथा ब्यबस्थापन सम्बन्धि संसोधन सहितको मापदण्ड २०७७ को दफा ४ को उपदफा ५ संग सम्बन्धित अनुसूची २ ख ठेक्का सम्झौता फारामको बुदा १७ अनुसार उत्खनन् संकलन तथा बिक्री गरीने साधारण निर्माणमुखी नदिजन्य पदार्थको मौज्दात आर्थिक बर्षको अन्त्यमा शुन्य गर्नु पर्ने र सो नसकेको अबस्थामा सम्बन्धित पालिकाले जफत गरी लिलाम गरी बिक्री गर्ने ब्यबस्था रहेको हुदा उक्त दफा प्रभाबकारी रूपमा कार्यान्वयन गर्न कास्कीका सबै स्थानीय तहलाई आग्रह गरीएको छ पौडेलले जानकारी दिनुभयो।

# प्राकृतिक तथा सांस्कृतिक सम्पदा सरसफाई अभियान सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

पर्यटन राजधानी पोखरामा कर्मचारी मिलन केन्द्र कास्कीले प्राकृतिक तथा सांस्कृतिक सम्पदा सरसफाई अभियान सुरु गरेको छ।

समाजिक उत्तरदायित्व बहन गर्दै केन्द्रको संयोजनमा प्रत्येक महिनाको एक दिन पोखरा क्षेत्रका प्राकृतिक एवम् सांस्कृतिक सम्पदालाई सरसफाई गर्ने गरी अभियान थालिएको केन्द्रका अध्यक्ष लोकनाथ आचार्यले जानकारी दिनुभयो।

प्रत्यक महिनाको ५ गते सम्पदा सरसफाई अभियान सञ्चालन गरिने बताउँदै उहाँले उक्त दिन सार्वजनिक विदा परेमा ६ गते गर्ने गरी कार्यक्रम तय गरिएको बताउनुभयो। एक समारोहका बीच आज सरसफाई अभियानको शुभारम्भ गर्दै पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरालाई ग्रिन सिटी, क्लिन सिटी बनाउने कार्यमा यो अभियान महत्वपूर्ण बन्ने बताउनुभयो । यस अभियानले पोृखरालाई सफा बनाउने कुरामा जनचेतना अभिबृद्धि समेत गर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो । कर्मचारी मिलन केन्द्रका संरक्षक एवम् कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले राष्ट्रसेवक कर्मचारीहरू समाजिक उत्तरदायित्व अन्तर्गत यस अभियानमा जोडिने बताउनुभयो। प्रत्येक महिनाको एक दिन यस अभियान अन्तर्गत पोखरा क्षेत्रका कुनै न कुनै सम्पदा सरसफाई गरिने उल्लेख गर्दै उहाँले यसमा सबैको साथ र सहयोगको आवश्यकता रहेको बताउनुभयो।

पोखराको फेवातालस्थित बाराही घाटबाट सुरु गरिएको सरसफाई अभियान फेवातालको किनारा क्षेत्रमा केन्द्रित गरिएको थियो । सरसफाईमा तीनवटै सुरक्षा निकाय, पोखरा महानगरपालिका, राष्ट्रसेवक कर्मचारी, नागरिक अभियन्ता, स्थानीय पर्यटन व्यवसायी लगायतको उपस्थिति थियो।

# विपद्मा परी १३० मृत्यु, नौ बेपत्ता

**रासस**
काठमाडौं, ६ साउन

अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरालगायतका विपद्मा परी आइतबार दिउँसोसम्म एक सय ३० जनाको मृत्यु भएको छ।

केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार काठमाडौं उपत्यकामा दुई जना, कोशी प्रदेशमा २२ जना, मधेस प्रदेशमा पाँच जना, बागमती प्रदेशमा २४ जना, गण्डकी प्रदेशमा ३८ जना, लुम्बिनी प्रदेशमा २३ जना, कर्णाली प्रदेशमा ७ जना र सुदूरपश्चिम प्रदेशमा नौ जना गरी जम्मा एक सय ३० जनाको मृत्यु भएको छ । यसैगरी बाढी पहिराकै कारण आजसम्म काठमाडौं उपत्यकामा नौ जना, कोशी प्रदेशमा ३४ जना, मधेस प्रदेशमा नौ जना, बागमती प्रदेशमा सात जना, गण्डकी प्रदेशमा २९ जना, लुम्बिनी प्रदेशमा नौं जना, कर्णाली प्रदेशमा ३३ जना र सुदूरपश्चिम प्रदेशमा १४ जना गरी जम्मा एक सय ४४ जना घाइते भएका छन् ।

बाढी पहिरामा परी कोशी प्रदेशमा दुई जना, मधेस प्रदेशमा एक जना, बागमती प्रदेशमा दुई जना, गण्डकी प्रदेशमा एक जना, लुम्बिनी प्रदेशमा एक जना, कर्णाली प्रदेशमा एक जना र सुदूरपश्चिम प्रदेशमा एक जना गरी नौ जना बेपत्ता भएका प्रवक्ता कार्कीले बताउनुभयो । बेपत्ताको खोजी जारी रहेको प्रहरीको भनाइ छ ।

प्रवक्ता कार्कीले भन्नुभयो, “बाढीका कारण जम्मा एक सय ८२ घर डुबानमा परेका छन् । दुई सय २९ वटा घर, ८४ वटा गोठ, ४३ वटा पुल, दुई वटा विद्यालय र दुई वटा सरकारी कार्यालयमा क्षति पुगेको छ ।” बाढीपहिरा कै कारण आजसम्म पाँच सय ८९ वटा पशुचौपायाको मृत्यु भएको छ । उक्त अवधिमा विपद् का घटनाबाट तीन हजार नौ सय ९८ घरपरिवार विस्थापित भएका छन् ।

# प्रधानमन्त्री...

संशोधन हुने अपेक्षा प्रधानमन्त्री ओलीले व्यक्त गर्नुभयो। “संविधान निर्माणका बखत पनि सर्वसम्मत भएको थिएन। पहिलो संशोधनका बेला पनि सर्वसम्मति थिएन। जो जसका जे जस्ता विचारधारा भएपनि हामी एक ठाउँमा आउन सक्छौं। यदि आउन सकिएन भने संविधानले आफ्नो प्रक्रिया आफ् नो निर्धारण गरेको छ”, उहाँले भन्नुभयो । देश र जनताको हितको पक्षमा तथा अग्रगमनको पक्षमा रहनेगरी संविधान संशोधन प्रक्रिया अघि बढ्ने उहाँको भनाइ छ । त्यस्तै, लोकतन्त्रको रक्षा र सुदृढीकरण, सुशासन प्रवर्द्धन र विकास तथा समृद्धिका लागि संविधान संशोधन हुने प्रधानमन्त्री ओलीले भन्नुभयो । संसदमा आएका राम्रा सुझावलाई ग्रहण गर्ने र आक्रोश, उत्तेजना तथा गालीगलौजलाई आफूले बिर्सिने प्रधानमन्त्रीले बताउनुभयो । त्यस्तै भ्रष्टाचार नगर्ने र गर्न नदिने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो । प्रतिशोधको राजनीति आफूले नगर्ने र आफूलाई पनि सह्य पनि नहुने उहाँले बताउनुभयो।

# वडा नं. २५ को सेवा नयाँ प्रशासनिक भवनबाट सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

पोखरा महानगरपालिका वडा न. २५ को सेवा नयाँ प्रशासनिक भवनबाट सुरु भएको छ। पहिला सेवा दिदै आएको कार्यालयबाट सेवा दिन कठिनाइ भएको हुदा नयाँ कार्यालयबाट सेवा दिन लागिएको हो।


पहिला सेवा दिदै आएको कार्यालयमा भवन फराकिलो नहुनु, पार्किङको ब्यवस्थापन नहुनु आदि समस्य रहेको थियो । आइतबारदेखि सेवा सुरु गरिएको कार्यालयमा फराकिलो तथा राम्रो पार्किङ रहेको वडा अध्यक्ष मोतीलाल तिमिल्सिनाले जनाउनु भयो। वडा कार्यालय साबिक ग्राम प्रकाश आधारभूत बिद्यालयको भवनमा सारिएको छ । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले भुगोलको हिसाबले पोखरा ठुलो महानगरपालिका भएको बताउदै जनसंख्या पनि धेरै भएको उल्लेख गर्नुभयो । सेवा ग्राहीको सेवाको लागि भवन आवस्यक रहेको बताउदै भवन मात्र नभइ सेवा पनि आवश्यक हुने बताउनुभयो । पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेबी गुरुङले सेवा शुभारम्भ गरेको बधाई दिदै वडा कार्यालयबाट सेवाग्राहीको काम सहज तरिकाले गर्नुपर्ने बताउनुभयो। उहाँले वडाबाट पाइने सेवा सुबिधा बारे जानकारी गराउदै वडा बासिन्दाले पनि सहयोग आवश्यक रहेको उल्लेख गर्नुभयो । कार्यक्रममा वडा न. २ का अध्यक्ष दिवस मान प्रधानांग, साबिक हेमजा गाबिसका अध्यक्ष रामचन्द्र त्रिपाठी र गौरि शंकर मा.बि.का अध्यक्ष भोजराज पौडेलले बोल्नु भएको थियो । कार्यक्रममा गौरि शंकर मा.बिका अध्यक्ष भोजराज पौडेल, गौरि शंकर मा.बिका प्र.अ अम्बर कुँवर, साबिक ग्रामप्रकास आ.बि का अध्यक्ष दलबहादुर कुँवर प्र.अ मनोहरी तिमिल्सिना लगाएत अन्य सदस्यलाई सम्मान गरियो । वडा अध्यक्ष मोतीलाल तिमिल्सिनाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत वडा सदस्य धनकुमारी पोखरेल तिमिल्सिनाले र सञ्चालन सूचना अधिकारी इश्वरी बाँस्तोलाले गर्नुभएको थियो।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. 0६१-४३२२४२, ९८४६0६८८0६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. 0६१-५७१४0८, ९८५६0२६७५0,९८६६४१५३८0

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

**महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

एक क्षणको पाप कैयौं वर्षको कष्ट बन्छ ।

– कालीदास

## सम्पादकीय

# ओलीलाई दुई तिहाइको समर्थन

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रतिनिधिसभा बैठकबाट दुईतिहाइ सांसदको विश्वासको मत पाएका छन् । प्रधानमन्त्री ओलीले आइतबार प्रतिनिधिसभामा आफूलाई विश्वासको मत छ भनेर राखेको प्रस्तावको पक्षमा १८८ र विपक्षमा ७४ मत खसेको हो । मत दिन्न भन्ने पक्षमा १ मत परेको छ । २०७४ सालको निर्वाचन पछिको सरकारको नेतृत्व गर्दा पनि ओलीले दुई तिहाइको समर्थन पाएका थिए । एमाले र माओवादी केन्द्र गठबन्धन गरेर चुनावमा जाँदा दुई तिहाई नजिक सिट जितेका थिए ।उपेन्द्र यादव नेतृत्वको पार्टीको समर्थन पछि दुई तिहाइ पाएको छ । यस पटक काङ्ग्रेस र एमाले बीच ७ बुँदे सहमतिपछि ओलीलाई मधेस केन्द्रीत दलको समर्थनमा दुई तिहाइ पुगेको छ ।

प्रधानमन्त्रीले विश्वासको मतसम्बन्धी पेश गरेको प्रस्तावमा पाएको मत प्रतिनिधिसभाको बहुमत भएको भन्दै सभामुख देवराज घिमिरेले प्रधानमन्त्री ओलीले विश्वासको मत प्राप्त गरेको घोषणा गरेका थिए । बहुमतका लागि ओलीलाई १३८ मतको आवश्यक थियो। आइतबार प्रतिनिधिसभा बैठकमा २७५ सदस्यमध्ये २६३ जना सांसद उपस्थित थिए । नेकपा एमालेका अध्यक्ष ओलीलाई नेपाली कांग्रेस, एमाले,अशोक राई नेतृत्वको जसपा, जसपा नेपाल, जनमत र लोसपालगायतले विश्वासको मत दिए ।

नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा एकीकृत समाजवादी, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र जनमोर्चाले विश्वासको मतको विपक्षमा मतदान गरे । संसदमा प्रतिपक्ष कमजोर नदेखिने गरि प्रतिनिधिसभाको तेस्रो, चौथो, पाँचौ र छैठौं दलले विपक्षमा मतदान गरेका छन । विपक्षमा रहेका दलहरु सबै माओवादी केन्द्रका अध्यक्ष पुष्प कमल दाहाल प्रचण्डको सरकारमा सहभागी भएका दल छन । साना दल भए पनि महत्वपूर्ण मन्त्रालय सम्हालेकाहरु प्रतिपक्षमा हुँदा सरकारलाई खबरदारी पुग्छ ।

असार ३० गते प्रधानमन्त्री नियुक्त भएका नेकपा एमाले अध्यक्ष तथा प्रधानमन्त्री ओलीले आइतबार प्रतिनिधिसभा बैठकमा विश्वासको मत लिएका हुन् । संविधानको धारा ७६ को उपधारा २ अनुसार प्रधानमन्त्री नियुक्त भएका ओलीले उपधारा (४) बमोजिम विश्वासको मत लिएका हुन् । प्रधानमन्त्रीको नियुक्ति विरुद्ध सर्वोच्च अदालतमा परेको रिटको पेशीकै दिनमा विश्वासको मत लिएको भनी विपक्षी दलले विरोध गरेका थिए । सर्वोच्चले प्रधानमन्त्रीको नियुक्तिका बारेमा संवैधानिक इजलासले फैसला हुनुपर्ने भनी एकल इजलासले आदेश गरेको छा अब सरकारले ढुक्कसँग काम गर्ने मौका पाएको छ ।

नेकपा एमालेले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका प्रचण्डले असार २८ गते संसदबाट विश्वासको मत नपाएपछि नेपाली कांग्रेसको समर्थनमा ओली प्रधानमन्त्री बनेका हुन् । दुई वा दुईभन्दा बढी दलको समर्थनमा नियुक्त प्रधानमन्त्रीले ३० दिनभित्र प्रतिनिधिसभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक प्रावधान छ । ओलीले प्रधानमन्त्री नियुक्त भएको एक हप्तामै विश्वासको मत लिएका हुन् । ठूला दल सरकारमा रहेकोमा हुँदा निराश बनेको नयाँ पुस्तालाई सम्भाउने र लगानीकर्तालाई भरोसा दिने अवसर पालिकाले पाएका छन ।

गत असार १७ गते नेपाली काङ्ग्रेस र एमालेबीच गठबन्धनसहित राष्ट्रिय सरकार निर्माण गर्ने सहमति भएको थियो । सहमतिअनुसार पहिलो चरणमा सरकारको नेतृत्व एमाले अध्यक्ष ओलीले र त्यसपछि चुनावसम्म काङ्ग्रेस सभापति शेरबहादुर देउवाले नेतृत्व गर्ने सहमति भएको ओलीले संसदमा जानकारी गराएका थिए । उनीहरूबीच संविधान संशोधन र आर्थिक सुधार गर्ने सहमति भएको छ । राजनीतिक दलहरूबीच सहमति जुटाएर गरिने काममा धेरैको आशा पलाएको छ ।

# देशभर एक हजार छ सय ५७ जनामा डेंगु सङ्क्रमण

**रासस**
काठमाडौं, ६ साउन

पछिल्लो समय देशभर लगातार पानी परिरहेकाले डेङ्गु सङ्क्रमण बढ्दै गएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा गोकर्णप्रसाद दाहालका अनुसार ७३ जिल्लाका एक हजार छ सय ५७ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ ।

मन्त्रालयले यस वर्ष सरदरभन्दा बढी वर्षा हुने आँकलन गरिएकाले मनसुनको समयमा लामखुट्टेको प्रजनन अवस्था अनुकूल बन्नसक्ने र डेङ्गुको सङ्क्रमण पनि बढ्नसक्ने आँकलन गरिएको उहाँले बताउनुभयो । उहाँले मुस्ताङ, डोल्पा, जुम्ला र हुम्लाबाहेक सबै जिल्लामा डेङ्गुको सङ्क्रमण फैलिएको जानकारी दिनुभयो ।

सबैभन्दा बढी काठमाडौं जिल्लामा एक सय ९६ जनामा डेङ्गु देखिएको हो । त्यसपछि झापामा एक सय २८ र चितवनमा ९२ जनामा सङ्क्रमण देखिएको डा दाहालले बताउनुभयो । वर्षाकोबेला पानी सङ्कलन गरेर राख्ने, सङ्कलन गरिएको पानीमा लामखुट्टे रहने भन्दै त्यही लामखुट्टेले टोक्ने भएकाले डेङ्गुको सङ्क्रमण बढेको उहाँले उल्लेख गर्नुभयो ।

**उपत्यकामा २५५ जनामा सङ्क्रमण**

उपत्यकामा दुई सय ५५ जनामा डेङ्गुको सङ्क्रमण देखिएको छ । काठमाडौंमा एक सय ९६, भक्तपुरमा ३५ र ललितपुरमा २४ जनामा देखिएको हो । "पानी जम्ने सफा ठाउँमा 'एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फुल लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएपछि टोकेपछि डेङ्गु रोग लाग्दछ", रोग शाखाका प्रमुख डा दाहालले भन्नुभयो । डेङ्गु सङ्क्रमण अभैं बढ्ने भएकाले सतर्कता अपनाउन उहाँले आग्रह गर्नुभयो ।

डेङ्गुबाट बच्ने सबैभन्दा उत्तम उपाय भनेको लामखुट्टेको टोकाइबाट बच्नु रहेकाले आफ्नो घर वरिपरि तथा कार्यस्थलमा सफा पानी जमेको ठाउँमा लामखुट्टेले फुल पार्ने भएको हुँदा पानी जम्न नदिने, घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने, जुनसुकैबेला झुलको प्रयोग गर्ने र पूरै शरीर छोपिने लुगा लगाउनेजस्ता कुरामा ध्यान दिनुपर्दछ ।

**सङ्क्रमितलाई कसरी हेरचाह गर्ने**

सङ्क्रमितलाई झुलभित्र मात्र आराम गराउने वा सुताउने, सङ्क्रमितको हेरचाहमा खटिँदा पूराबाहुला भएको लुगा लगाउने, लामखुट्टे धूप, कोइल व लिक्विड बाल्ने, घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्याल ढोकाम जाली लगाउने र घर वरपर पानी जम्न नदिनेजस्ता उपाय अपनाउनु डा दाहालले जानकारी दिनुभयो ।

**लक्षणहरू**

उच्च ज्वरो आउने, जोर्नी तथा मांसपेशी बेस्सरी दुख्नु, आँखाको गेडी बेस्सरी दुख्नु, टाउको दुख्नु, शरीरमा राता बिमिरा आउनु, वाकवाकी लाग्नु तथा बान्ता हुनुजस्ता लक्षण देखा पर्दछन् । एक्कासी उच्च ज्वरो आउने, बान्तामा रगत देखापर्ने, नाक वा गिँजाबाट रगत, रक्तश्राव धेरै पेट दुखाइ, श्वासप्रश्वासमा समस्या र बेहोस हुनेजस्ता लक्षण देखिएमा तुरुन्तै नजिककै स्वास्थ्य संस्थामा जान मन्त्रालयले अनुरोध गरेको छ ।

# राहुघाट आयोजनाको मुख्य सुरुङ प्रायः पूरा

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ साउन

नेपाल विद्युत् प्राधिकरणद्वारा म्याग्दीको रघुगङ्गा गाउँपालिकामा निर्माणाधीन ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजनाको मुख्य सुरुङ निर्माण अन्तिम चरणमा पुगेको छ ।

प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेको राहुघाटको पहिलो र दोस्रो अडिट जोड्ने दुई हजार तीन सय ३२ मिटर लामो सुरुङ निर्माण पूरा हुन लागेको हो । रघुगङ्गा गाउँपालिका-४ दग्नामको फेदीमा रहेको बाँधबाट वडा नं ३ अँधेरीखोलाको दोस्रो अडिट जोड्ने १३ मिटर सुरुङ खन्न बाँकी रहेको आयोजनाका व्यवस्थापक राजबहादुर विष्टले राससलाई बताउनुभयो । "छ हजार दुई सय मिटरमध्ये शनिबारसम्म छ हजार एक सय ८७ मिटर सुरुङ निर्माण भएको छ", उहाँले भन्नुभयो, "केही दिनमा मुख्य सुरुङ छिचोल्ने तयारी भएको छ ।" तीन हजार आठ सय ३६ मिटर लामो दोस्रो र तेस्रो नम्बर अडिटको सुरुङ गत फागुनमा छिचोलिएको थियो । रघुगङ्गा गाउँपालिका-३ पिप्लेस्थित मुख्य सुरुङको आउटलेट (अन्तिम विन्दु)बाट तिल्केनीचौरमा निर्माणाधीन विद्युत् गृहमा पानी खसाल्ने पाइप लाइन राख्ने एक हजार ४९ मिटर लामो 'प्रेसर साफ्ट' सुरुङ गत जेठ महिनामा जोडिएको थियो । मुख्य सुरुङबाट आउने पानीलाई विद्युत्गृहमा लैजाने पाइप लाइन राख्नका लागि प्रेसर साफ्ट बनाइएको हो । पिप्लेमा ६२ मिटर गहिरो 'सर्च साफ्ट' निर्माण भएको छ । भारतीय आयात-निर्यात (एक्जिम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा निर्माण भइरहेको आयोजनाको सिभिल ठेकेदार जयप्रकाश एशोसिएट्ससँग २०७४ मङ्सिरमा सम्झौता भएको थियो । विसं २०७६ कात्तिकमा ठेक्का सम्झौता गरेको इलेक्ट्रिकल ठेकेदार भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)ले भारतमा निर्माण गरेका उपकरणको परीक्षण गरी आयातको प्रक्रिया अघि बढाइएको छ । इलेक्ट्रोमेकानिकलतर्फको भौतिक प्रगति २२ प्रतिशत छ । रघुगङ्गा गाउँपालिकाको वडा नं ४ दग्नाम र ५ नं वडा भिँकोसिमानामा १७ मिटर अग्लो र ३१ मिटर लामो अर्धजलाशययुक्त (पिआरओआर) प्रविधिको बाँध र तिल्केनीचौरमा विद्युत्गृहको संरचना निर्माण तीव्रताका साथ भइरहेको छ ।



## होटल क्राउन हिमालयजको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०७)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं.०६ मा होटल क्राउन हिमालयज प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | होटल क्राउन हिमालयज प्रा. लि., पोखरा महानगरपालिका, वडा नं. ०६ |
| प्रस्तावको व्यहोरा | पोखरा महानगरपालिका वडा नं. ०६ मा ६३ कोठामा ८१ शय्या क्षमताको होटल निर्माण तथा संचालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | कास्की जिल्ला,पोखरा महानगरपालिका, वडा नं. ०६ |
| कित्ता नं. | १६८,२६,१३३ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री पोखरा महानगरपालिका, वडा नं. ०६ को कार्यालय, फोन नं. ०६१-४६१५३३
२. श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौँ, फोन नं. ०१-५३४७०३७
३. श्री होटल क्राउन हिमालयज प्रा. लि., पोखरा महानगरपालिका, वडा नं. ०६, फोन नं. ९८५१०५५१२६
४. श्री ग्रिनहेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., नयाँ बानेश्वर, काठमाण्डौं फोन नं. ९८४६४०४११८



# मनाङ जोड्ने सडक कालोपत्रसहित स्तरोन्नति गरिने

**पोखरापत्र संवाददाता**
म्याग्दी, ६ साउन

हिमाली जिल्ला मनाङ प्रवेश गर्ने एकमात्रै बेँसीसहर-चामे सडक कालोपत्रसहित स्तरोन्नति हुने भएको छ । बर्सेनी पहिरोको जोखिममा रहेको यो सडक चालु आर्थिक वर्षमै स्तरोन्नति गरिने तयारी छ ।

सडक जोखिमपूर्ण हुँदा बर्सेनि स्थानीय तथा पर्यटकले सास्ती भोग्दै आएका छन् । सडक स्तरोन्नतिको प्रक्रिया अघि बढेको मनाङबाट निर्वाचित प्रतिनिधिसभा सदस्य टेकबहादुर गुरुङले जानकारी दिनुभयो । सरकार र अन्य सरोकारवाला निकायसँगको समन्वय तथा साभेदारीमा सडक कालोपत्रसहित स्तरोन्नति प्रक्रिया अघि बढेको सांसद गुरुङले बताउनुभयो । उहाँले भन्नुभयो, "मनाङका स्थानीयवासी र पर्यटकलाई सहज बनाउनेगरी सडक कालोपत्र हुने भएको छ ।" सडक कालोपत्र गर्न डुम्रे-बेँसीसहर-चामे सडक योजनासँग मनाङमा निर्माणाधीन जलविद्युत् आयोजनाले पनि सहकार्य गर्ने भएका छन् । सडक विस्तार तथा स्तरोन्नति गर्न दानाक्युमा रहेको मनाङ-मर्स्याङ्दी जलविद्युत् आयोजना सहमत भएको छ । जलविद्युत् आयोजना निर्माणका लागि सडक स्तरोन्नति आवश्यक भएकाले सरकारको काममा सहयोग गर्ने आयोजनाका उपमहाप्रबन्धक प्रतीकमानसिंह प्रधानले बताउनुभयो । उहाँका अनुसार भौगोलिक विकटतासँगै साँघुरो र पहिरोको जोखिम रहेको सडकको चौडाइ विस्तार गर्ने, कटिङ गर्ने, जोखिम भएका स्थानमा ढलान र अन्य स्थानमा कालोपत्र गरिनेछ । हिउँद वर्षा दुवै याममा साना तथा ठूला सवारीसाधन सहजै आवतजावत गर्नसक्ने गरी सडक विस्तार गर्नेगरी योजना निर्माण भइरहेको बेँसीसहर-चामे सडक योजनाका निमित्त प्रमुख किरण पोखेलले बताउनुभयो । सडक स्तरोन्नतिका क्रममा केही बस्ती प्रभावित हुने देखिन्छ । खासगरी लमजुङतर्फ स्याँगे, श्रीचौर, जगत च्याम्चे र मनाङतर्फ धारापानी गाउँका केही बस्ती सडक विस्तारका क्रममा प्रभावित हुने देखिएको हो । यस सडकमा हिउँदमा हिउँ र वर्षामा बाढीका कारण कैयौं स्थानमा सडक अवरुद्ध हुँदा मनाङवासीले वर्षौंदेखि सास्ती खेप्दै आएका छन् । दुई वर्षअघि बेँसीसहरदेखि खुदीसम्म करिब आठ किलोमिटर सडक कालोपत्र गरिएको छ । यस सडकखण्डअन्तर्गतका अधिकांश भाग जोखिमपूर्ण र विस्तार गर्नुपर्ने अवस्थाका छन् ।



## बोधि सुइट्स बुटिक होटल एण्ड स्पाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०७)

गण्डकी प्रदेश, कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं. ०६ मा बोधि सुइट्स बुटिक होटल एण्ड स्पा प्रा. लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यन्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावको नाम तथा ठेगाना | बोधि सुइट्स बुटिक होटल एण्ड स्पा प्रा. लि., पोखरा महानगरपालिका, वडा नं. ०६ |
| प्रस्तावको व्यहोरा | पोखरा महानगरपालिका वडा नं. ०६ मा ४७ कोठामा ६३ शय्या क्षमताको होटल निर्माण तथा संचालन गर्ने |
| प्रभाव पर्न सक्ने जिल्ला, महानगरपालिका | महानगरपालिका कास्की जिल्ला,पोखरा महानगरपालिका, वडा नं. ०६ |
| कित्ता नं. | ८७ |

उपरोक्त प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक, जैविक, सामाजिक-आर्थिक तथा साँस्कृतिक प्रणाली बिच के कस्ता प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको महानगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाल व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

१. श्री पोखरा महानगरपालिका, वडा नं. ०६ को कार्यालय, फोन नं. ०६१-४६१५३३
२. श्री पर्यटन विभाग, भृकुटीमण्डप, काठमाडौँ, फोन नं. ०१-५३४७०३७
३. श्री बोधि सुइट्स बुटिक होटल एण्ड स्पा प्रा.लि., पोखरा महानगरपालिका, वडा नं.०६, फोन नं. ९८५११३३४२४
४. श्री ग्रिनहेराल्ड ईन्भाइरोमेन्टल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि., नयाँ बानेश्वर, काठमाण्डौं फोन नं. ९८४६४०४११८



# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाब | वृश्चिक | : शुभ यात्रा |
| मिथुन | : शारीरिक क्षमेला | धनु | : स्वास्थ्यमा सुधार |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : झमेला बढ्ने | मीन | : सत्कार मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# पोखरा १६ को ढिकीडाँडामा खुल्यो ६ करोड लगानीमा रिसोर्ट

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

देशका धेरै युवाहरु रोजगारको लागि विदेश गइरहेका वेला पोखरा १६ का ८ जनाको युवा समुहले हाल स्वदेशमा केही गर्नु पर्छ भन्दै आफ्नै गाउँमा लगानी गरेका छन् ।

बिद्यालय जिवनमा संगै पढेका हाल विभिन्न पेशा व्यवसायमा आबद्ध भए पनि आफ्नो गाँउ ठाँउको विकासको लागि किन आफुबाटै सुरुवात नगर्ने भन्दै पोखरा १६ का ८ जनाको एक समुहले पोखराको ढिकीडाँडामा ढिकीडाँडा रिसोर्ट संचालन गरेका हुन् ।

प्राकृतिक मनोरम दृश्यावलोकनको समेत उत्कृष्ट गन्तव्य मध्य एकमा पर्ने उक्त स्थानमा आफुहरुले पर्यटनको सम्भावना देखेरै लगानी गरेको रिसोर्टका प्रबन्ध निर्देशक प्रकाश भट्टराईले बताए । आफुहरुले सुरु गरेको ३ बर्षमै अपेक्षा गरे भन्दा बढी सफलता हासिल गर्दै आएकोले पुनः लगानी थप्ने योजनाका साथ केही भौतिक संरचना निर्माणमा हुदै गरेको उनले जनाए । स्थानिय प्रकाश सहित बिकास गुरुङ, प्रेम आचार्य, गोविन्द आचार्य, रेशम लामिछाने, विजय गुरुङ, सुमन गुरुङ र अम्मर



गुरुङको लगानीमा उक्त रिसोर्ट ३ वर्षअघि स्थापना भएको हो । ६ रोपनी क्षेत्रफलमा फैलिएको उक्त रिसोर्टमा हाल भुई तला सहित ४ तले भवन तथा अर्को तीन तलेको भवन सहित सुईङ, पिङ, गार्डेन, सुइमिङ पुल, ध्यान केन्द्र लगायतका भौतिक संरचना निर्माण भएको रिसोटका प्रबन्ध निर्देशक भट्टराईले बताए ।

पोखराको लामाचौर देखि ७ किलोमिटर अधिकांश पिच सडक हुदै उक्त रिसोर्टमा पुग्न सकिने छ भने समुन्द्री सतह देखि करिब १ हजार ४ सयम टिमरको उचाईमा उक्त रिसोर्ट रहेको छ । ढिकीडाँडा हिजोआज पर्यटकको आकर्षणका रुपमा रहेको स्थानियले बताउछन् । पोखराको मुख्यबजारदेखि नजिक रहेको उक्त डाँडाबाट मौसम खुल्दा हिमश्रृखला, पोखरा, हरियो वनजंगल सहितको दृश्य अवलोकन गर्न पाइने र अर्गानिक खाना समेत उपलब्ध हुने हुँदा उक्त क्षेत्रमा पर्यटक आकर्षण भएको स्थानिय शिशिर पौडेलले बताए ।

ढिकीडाँडा रिसोटका प्रबन्ध निर्देशक भट्टराईले आफुहरुले ३ बर्ष अघि संचालन गरेको उक्त रिसोर्ट हाल आफुहरुले सोचे भन्दा धेरै राम्रो भएकोले ढिकीडाँडा क्षेत्रमा प्रायः आन्तरिक पर्यटकहरुको आगमन निकै उत्साहजनक भएको दाबी गरे । रिसोर्टका जनरल म्यानेजर प्रेम आचार्यले हाल आफुहरुको रिसोर्टमा शुक्रबार र शनिबार पर्यटकहरुलाई व्यबस्थापन गर्न निकै कठिन हुन थालेको बताए । आफुहरुले हाल ५० जना पर्यटकहरुलाई एकै रातमा व्यवस्थापन गर्न सकिने बताउदै उनले दिनमा खाजा तथा खानामा २ सय भन्दा बढीलाई सेवा दिन सक्ने दाबी गरे । अर्गानिक तथा सिजन अनुसारको फलफुल तरकारी रिसोर्टमा उपलब्ध गराउने दाबी गर्दै जनरल म्यानेजर आचार्यले आफ्नै एग्रो फार्म समेत संचालन गर्न थालेको बताए । ८ मध्य ३ जना युवा विदेशबाट फर्कियर संगै विदेशको सिप समेत आफ्नै देशमा लागु गर्न लागि परेसंगै २४ जनालाई रोजगारको अवसर दिएको उनले दाबी गरे ।

थ्रिसिक्स्टि भ्यू देख्न सकिने हुदा रिसोटको रुफटम रेष्टुरेण्टमा बसेर खाजा तथा खाना खाउ पाउनु पयटकहरुको लागि अर्को आनन्दको कुरा भएको आचार्यले जनाए । उक्त रिसोर्टमा एक रातको २ हजार ५ सय देखि ३ हजारमा वेड उपलब्ध गराउदै आएको छ । आफुहरुले सुरुमा संचालन गर्दा धेरैले झाडी भएको डाँडामा के होला किन ठुलो लगानी गरेको भन्नेहरु हाल छक्क पर्ने गरेको जनरल म्यानेजर आचार्यले सुनाए । प्रदेश सरकार, पोखरा महानगरपालिका तथा पोखरा १६ को वडा कार्यालयको विशेष पहलमा लामाचौरदेखि ढिकीडाँडासम्मको क्षेत्रमा प्रायः अधिकांश पिच तथा ढलान भएको स्थानियले बताउनु भयो । उक्त रिसोर्ट संचालन भएसंगै सो क्षेत्रमा केही फाट्य फुट्य होटल तथा रेष्टुरेण्ट समेत खुल्न थालेका छन् ।

# फलफूल खेती विस्तारका लागि बिरुवा वितरण

**पोखरापत्र संवाददाता**
पर्वत, ६ साउन

वन्यजन्तुवाट हुने क्षतिलाई न्यूनीकरण गर्दै सिङ्गो गाउँपालिकालाई फलफूल उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले महाशिला गाउँपालिकाले ठूलो सङ्ख्यामा फलफूलका बिरुवा वितरण गरेको छ ।

किसानलाई व्यावसायिक रूपमा फलफूल खेतीतर्फ आकर्षित गर्न यस वर्ष झन्डै साढे ११ हजार बिरुवा वितरण गरिएको हो । पालिकाको भौगोलिक अवस्था र किसानको मागका आधारमा पर्याप्त मात्रामा बिरुवा वितरण गरिएको गाउँपालिकाका अध्यक्ष ईश्वरी भुसालले जानकारी दिनुभयो ।

अध्यक्ष भुसालका अनुसार किसानलाई सुन्तला, कागती, टिमुर, कफी, एभोगाडोमेकाडामियानटलगायत फलफूलका बिरुवा वितरण गरिएको हो । अहिले वितरण गरिएका बिरुवाबाट किसानले दुईदेखि तीन वर्षमा आम्दानी गर्नसक्ने भएका छन् । पालिकाको फलफूल तथा काष्ठफल विस्तार योजनाअन्तर्गत ५० प्रतिशत अनुदानमा बिरुवा उपलब्ध गराइएको हो । गाउँपालिकाको कृषि शाखा प्रमुख सन्तोष धितालका अनुसार पालिकाका छवटा वडाका किसानलाई मागका आधारमा बिरुवा उपलब्ध गराइएको हो । धितालले कागती चार हजार दुई सय, सुन्तला तीन हजार तीन सय, टिमुर दुई हजार पाँच सय र कफीका आठ सय बिरुवा वितरण गरिएको छ । त्यसैगरी, तीन-तीन सयका दरले एभोगाडो र मेकाडामियानट वितरण गरिएएको छ । बाँदर आतङ्कका कारण खेतबारी बाँझो रहने क्रम बढेपछि वन्यजन्तुको क्षतिबाट बच्ने खालका एभोगाडो र मेकाडामियानट जस्ता फलफूलका बिरुवा पनि पालिकामा भित्र्याइएको हो । गत वर्षदेखि पालिकामा दाँते ओखरको पनि व्यावसायिक खेती थालिएको कृषि शाखा प्रमुख धितालले जानकारी दिनुभयो । हरेक किसानले सुन्तला १५ देखि २०, कागती २५, एभोगाडो छ, मेकाडामियानट १५, टिमुर ५० र कफीका बिरुवा एक सय १० का दरले वितरण गरिएको धितालले बताउनुभयो । परम्परागत कृषिवालीमा आश्रित यहाँका किसानलाई अन्नबालीसँगै फलफूलतर्फ पनि आकर्षित गर्ने योजना गाउँपालिकाको रहेको छ । घरको आँगन, बारी र खाली जमिनमा बिरुवा लगाई किसानलाई व्यावसायिक र फलफूलमा आत्मनिर्भर गराउन बिरुवा वितरण कार्यक्रम प्रभावकारी हुने पालिकाको अपेक्षा छ । धान, मकै, आलु जस्ता बालीमा बाँदरले ठूलो नोक्सानी पुऱ्याउन थालेपछि खेतबारी बाँझै राखेका किसानलाई फलफूल विस्तार अभियानले उत्साहित बनाएको छ । पालिकाले उपलब्ध गराएका बिरुवा किसानले लगाएर छाड्ने मात्र नभई स्वरोजगारमूलक ढङ्गबाट लगाउन आग्रह गरिएको छ । यसको उचित संरक्षण र रेखदेख गर्न सके गाउँमै पर्याप्त आम्दानी गर्न सकिने भएकाले पनि फलफूलका बिरुवाको उचित संरक्षण गर्न पालिकाले आग्रह गरेको छ ।

# बङ्गलादेशबाट ४२० नेपाली विद्यार्थी फर्किए

**रासस**
काठमाडौं, ६ साउन

बङ्गलादेशमा जारी रहेको विद्यार्थी आन्दोलनका कारण प्रभावित भएका नेपाली विद्यार्थीहरुमध्ये आइतबारमात्र चार सय २० जना स्वदेश फर्किएका छन् ।

आइतबार मात्र हवाईमार्गबाट एक सय १५ र बाँकी तीन सय पाँच जना काँकडभिट्टा नाका भएर नेपाली विद्यार्थी स्वदेश फर्किएका अध्यागमन विभागका महानिर्देशक कोषहरि निरौलाले जानकारी दिनुभयो । आइतबार बिहान ११:३० मा ५७ जना नेपाली विद्यार्थी काठमाडौँस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेका थिए । उनीहरुलाई परराष्ट्र मन्त्रालयका अधिकारीले विमानस्थलमा स्वागत गरेका थिए । परराष्ट्र मन्त्रालयले स्वदेश फर्कन चाहने विद्यार्थीको सहजीकरण गरिरहेको छ ।

# तनहुँका तीन लाख पशुमा पूर्ण खोप

**पोखरापत्र संवाददाता**
तनहुँ, ६ साउन

तनहुँमा एक वर्षको अवधिमा तीन लाख बढी पशुमा पूर्ण खोप लगाइएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले गत आर्थिक वर्ष २०८०/८१ मा जिल्लाका दश पालिकामा तीन लाख ७७ हजार २४ पशुलाई पूर्ण खोप लगाएको हो ।

रोगका कारण हुने पशुजन्य उत्पादनको गिरावटलाई कम गरी खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धिका लागि तनहुँका सबै पालिकाका पशुमा खोप लगाइएको केन्द्रका प्रमुख डा राजेश चौधरीले जानकारी दिनुभयो । गण्डकी प्रदेश सरकारले प्रदेशलाई पूर्ण खोपयुक्त बनाएर सङ्क्रामक रोग निमूल पार्ने लक्ष्य राखेको छ । तनहुँमा व्यावसायिक पशुपालन बढिरहेकाले यहाँबाट विभिन्न जिल्लामा पशुजन्य पदार्थको आयातनिर्यात हुने भएकाले पूर्ण खोप अभियान सञ्चालन गरिएको चौधरीको भनाइ छ । पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन र पशुजन्य रोगको उपचार तथा नियन्त्रण गर्दा लाग्ने समय र खर्चको बचतका लागि पूर्ण खोप कार्यक्रम प्रभावकारी बन्ने चौधरीले उल्लेख गर्नुभयो । चौधरीका अनुसार जिल्लाका ८५ वडाका ३४ हजार नौ सय ३० घरधुरीले पालेका पशुमा पूर्ण खोप लगाइएको छ । उहाँका अनुसार सबैभन्दा बढी बाख्रामा पूर्ण खोप लगाइएको छ । बाख्रापालनतर्फ कृषकको आकर्षण बढेसँगै धेरै बाख्राहरूमा पूर्ण खोप लगाइएको चौधरीले बताउनुभयो ।

त्यसपछि गाई, भैँसी, बङ्गुर, कुकुर, भेडा र बिरालोमा पूर्ण खोप लगाइएको छ । चौधरीका अनुसार दुई लाख २५ हजार पाँच सय १५ बाख्रा, ५६ हजार हजार तीन सय १९ गाइ, ५३ हजार नौ सय ७९ भैँसी, २२ हजार छ सय ३५ बङ्गुर, १७ हजार आठ सय ८९ कुकुर, पाँच सय २६ भेडा र चार सय ३१ बिरालोलाई पूर्ण खोप लगाइएको छ । व्यास नगरपालिकाका ८० हजार पाँच सय २७, शुक्लागण्डकी नगरपालिकाका ३६ हजार चार सय ३२, भिमाद नगरपालिकाका ६० हजार छ सय ४३, भानु नगरपालिकाका ४९ हजार ३७, घिरिङ गाउँपालिकाका २५ हजार नौ सय, ऋषिङ गाउँपालिकाका ३४ हजार एक सय २८, बन्दीपुर गाउँपालिकाका २१ हजार सात सय ६६, आँबुखैरेनी गाउँपालिकाका १९ हजार नौ सय २५, देवघाट गाउँपालिकाका २७ हजार छ सय २२ र म्याग्दे गाउँपालिकाका २१ हजार ४१ पशुमा पूर्ण खोप लगाइएको केन्द्रले जनाएको छ । पशुमा पूर्ण खोप कार्यक्रम सञ्चालनका लागि ९२ खोपकर्ता र गणक नियुक्ति गरिएको थियो । खोपकर्तालाई अभिमुखीकरण गरी सम्बन्धित वडामा खटाइएको केन्द्रले जनाएको छ ।

# दैनिक १७ सडक दुर्घटना, औसतमा सातको मृत्यु, ८८ घाइते

**पोखरापत्र संवाददाता**
पोखरा, ६ साउन

नेपालमा प्रत्येक दिन औसत ९७ वटा सानाठूला सवारी दुर्घटना हुने गरेका छन् । ती दुर्घटनामा परी दैनिक औसत सात जनाले ज्यान गुमाउने तथा ८८ जना घाइते हुने गरेका छन् ।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीका अनुसार गत वर्ष मात्रै ३५ हजार चार सय चार वटा सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा परी दुई हजार तीन सय ६८ जनाको मृत्यु भएको छ भने छ हजार एक सय ६० गम्भीर र २५ हजार नौ सय ९६ जना साधारण घाइते भएका छन् । सवारी दुर्घटनामा एक सय एक चौपायासमेत मरेका छन् । सबैभन्दा बढी दुई पाङ्ग्रे सवारी बढी दुर्घटनामा पर्ने गरेको प्रहरीको तथ्याङ्क छ । गतवर्ष १९ हजार नौ सय ८४ मोटरसाइकल/स्कुटर, छ हजार आठ सय ३७ कार/जिप, दुई हजार एक सय ९३ बस, एक हजार पाँच सय २० साइकल/रिक्सा, चार सय माइक्रोबस दुर्घटना भएका थिए ।

# धितोमा रहेको चल/अचल सम्पत्तिको गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्रीको ३५ दिने सार्वजनिक सूचना ।

**(प्रकाशित मिति २०८१/०४/७ गते )**

यस श्री इनर्जेटिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालयबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसाय कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, व्याज र अन्य दै-दस्तर समेत यसै संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा विभिन्न मितिमा पत्राचार गर्नुका साथै पोखरापत्र राष्ट्रिय दैनिकमा ३५ दिने सूचना, १५ दिने सूचना र ७ दिने सार्वजनीक सूचना प्रकाशित गर्दा समेत नतिरी नबुझाई संस्थासँग गरेको ऋण सम्वन्धी शर्तबन्देजहरु उल्लङ्घन गर्नु भएकोले संस्थाको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पति जहाँ जे अवस्थामा छ सोही अवस्थामा सहकारी ऐन २०७४ तथा सहकारी नियमावली ऐन २०७४ को प्रदेश सहकारी ऐन २०७८ तथा गण्डकी प्रदेश सहकारी नियमावली ऐन २०७६, यस संस्थाको ऋण असुली नीति २०७८ ले दिएका अधिकार प्रयोग गरी नियमानुसार बिक्री, लिलाम गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले सहकारीबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ३५ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु ३६औं दिनका दिन तपसिल स्थानमा खोलिने हुँदा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि ऋणी संचालक, धितो जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोल पत्र खोल्न, धितो लिलामको विक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै ऋण अमुलीको कारवाही अन्तर्गत ऋणी संचालक, धितो जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा सहकारी ऐन २०७४, नियमावली २०७५ र संस्थाको नीति नियम तथा विनियम एवं प्रचलित कानुन बमोजिम ऋणी स्वयम् र व्यक्तिगत धनजमानत कर्ताहरुको अन्य चल अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता ऋण रकम असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र संस्थामा सम्पर्क राखि स्थाशिघ्र ऋण भुक्तानी गराई आफ्नो सम्पतिको उचित संरक्षण गर्न गराउन हुन समेत हार्दिक अनुरोध गर्दछौं ।

**तपशिलः**

**ऋणीको विवरण**

**नामः प्रविण जंग अधिकारी**
**बाबुको नामः शेरजंग अधिकारी**
**बाजेको नामः बाल नरसिं**
**स्थायी ठेगानाः भीरकोट नगरपालिका-३, स्याङ्जा**
**हालको ठेगानाः पुतलीबजार नगरपालिका-३, स्याङ्जा**
**नागरिकता नं.: १२०६०**
**जारी मिति र जिल्लाः २०५०/०३/०३, स्याङ्जा**



**धितो सुरक्षणको विवरणः प्रविण जंग अधिकारीको नाममा मालपोत कार्यालय, स्याङ्जामा दर्ता श्रेष्ता कायम रहेको साविक स्याङ्जा पुतलीबजार-५, हाल पुतलीबजार नगरपालिका -३, कालीमाटी स्थित कित्ता नं. २२७९ को क्षेत्रफल ०-५-०-१ को जग्गा ।**

**लिलाम बिक्रीको शर्त तथा बन्देजहरुः**

१. बोलपत्र फारम यस श्री इनर्जेटिक बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालय समय भित्र रु. १,०००।- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचनामा तोकिए बमोजिमको मिति, स्थान र समयमा प्राप्त भइ सक्नु पर्नेछ । म्याद नाघि वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
३. बोलपत्र बुझाउने अन्तिम दिन/खोल्ने दिन संस्था विदा परेमा विदाको लगत्तै संस्था खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ । सो तोकिए अनुसारको दिन विदा परेमा त्यसपछिको लगत्तै संस्था खुलेको दिन दउँसो ठिक २:०० बजेसम्ममा कारोवार गरी बोलपत्र खोल्न सकिनेछ ।
४. बोलपत्रमा आफूले सकार गरि लिन चाहेको सम्पत्तिको विवरण खुलाई के कति रकम सकार गरी लिन चाहेको हो अंक तथा अक्षरमा स्पष्ट रुपमा लेखिएको हुनुपर्नेछ ।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस संस्थाको नाममा खिचिएको डाफ्ट/नगद जम्मा संस्था भौचर समेत शिलबन्दी बोलपत्र साथ समावेश गरी पेश गर्नुपर्नेछ ।
६. बढी रकम बोल गर्नेको बोलपत्र स्वीकृत भएमा संस्थाको नियम अनुसार बाँकी सम्पूर्ण रकम बुझाई उक्त सम्पत्ति आफ्नो नाममा नामसारी गर्ने प्रक्रिया अगाडि बढाउनुपर्नेछ । उक्त बाँकी रकम तोकिएको समयमा नबुझाएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
७ कुनै पनि अवस्थामा लिलाम प्रक्रिया रद्ध गर्न वा बोलपत्र स्वीकृत गर्ने नगर्ने वा नेगोशियसन गर्ने सम्पूर्ण अधिकार संस्थागत सुरक्षित रहनेछ ।
८. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको सम्पति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा खरिद गर्नुपर्नेछ । लिलाम बिक्री हुने सम्पति र अन्य कुरा बुझ्न हेर्न वा स्थलगत निरक्षण गर्न चाहनु हुने महानुभावहरुले यस संस्थामा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नुहुनेछ ।
९. सहकारी ऐन २०७४ को परिच्छेद १४ को दफा ७९ को उपदफा (६) अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम संस्थालाई चित्त बुझ्दो नभएमा प्रचलित सहकारी ऐन, नियमावली, कानुन तथा आफ्नो नियम अनुसार संस्थाले उक्त सम्पति सकार गरी स्वामित्व आफुमा लिन/ अधिनमा राख्न सक्नेछ ।
१०. उक्त लिलाममा राखेको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, रजिष्ट्रेशन दस्तुर, सम्पति कर, स्थानिय कर र धारा/बिजुली शुल्क (बाँकी वक्यौता समेत) सम्पूर्ण दायित्व आदि सकार गर्ने व्यक्ति वा पार्टी आफैले तिर्नुपर्नेछ ।
११. उल्लेखित सम्पत्ति लिइ सकेपछि सोको सम्पूर्ण जवाफदेही स्वयं खरिदकर्ताको हुनेछ । धनी संस्थासँग पछि कुनै कैफियत देखाउन वा दावी गर्न पाइने छैन ।
१२. लिलाम बोलकबोल गरेको रकम या धरौटी बापत बुझाएको रकममा कुनै व्याज प्रदान गरिने छैन । साथै लिलाम सदर बदरको निर्णय नभएसम्म धरौटी रकम फिर्ता माग गर्न पाइने छैन ।
१३. शिलबन्दी बोलपत्र यस संस्थाले उपलब्ध गराए बमोजिमको तोकिदिएको ढाँचामा पेश गर्नुपर्नेछ । साथै बोलपत्र सम्बन्धी अन्य सर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**पूनश्चः** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा संस्था आफैंले सकार गर्दा साविकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभइ कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कतै उजुरबाजुर गर्न पाउनु हुने छैन ।

इनर्जेटिक
**श्री इनर्जेटिक बचत तथा ऋण सहकारी संस्था लि.**
**SHREE ENERGETIC SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.**
**केन्द्रीय कार्यालयः**
**पुतलीबजार नगरपालिका-१, स्याङ्जा**
**फोन नं.: ०६३-४२००२४**